नेपाली मनको नेपाली पन

# एभरेष्ट टाइम्स

EVEREST TIMES

न्यूयोर्क

वर्ष १, अंक १४, २०६६, असार १-१६, पृष्ठ २४, Jun, 15-30, 2009

# रिम्पोचेको अभिषेकसँगै न्युयोर्कमा साकादावा पूजा

■ आङछिरिङ शेर्पा

हलको दुवैतिर पूजामा व्यस्त रिम्पोचेहरु। मध्य भागमा उभिएको विशाल भगवान बुद्धको प्रतिमा। त्यसभित्र गुञ्जेको धार्मिक धुनसँगैको पूजा पाठ। धुपी र स्युक्पाको बासनासँगै त्यहाँभित्र बनेको वातवारणले जोसुकैलाई निकै शान्ति र आनन्दामय अनुभूति दिलाइरहेको थियो। एक त धार्मिक पूजापाठ, त्यसमा पनि रिम्पोचेहरुको उपस्थितिले त झन् त्यहाँ निकै आध्यात्मिक र आनन्दित तुल्याएको थियो।

विहान सखारैदेखि भएको पूजासंगै रिम्पोचेहरुले दिउसो सर्वसाधारणको दिघार्यु, र रोगव्याधी हटोस भनेर महत्वपूर्ण अभिषेक दिनु भएको थियो। पूजामा एकतिर ङवाङ जिग्ट्राल रिम्पोचे, खेन्चेन ट्रीन्ले पाल्जोर रिम्पोचे र बौद्धविद्वान डा.युला शेर्पा हुनुहुन्थ्यो भने अर्कोतिर लामा टुल्कु (सेरे टुल्कु), खेन्पो ङवाङ

क्रमशः पृष्ठ ९ मा





टुङरान ग्याल्टोल रिम्पोचे सिन्धुपाल्चोक जिल्ला निवासी सेरब शेर्पा र ल्हमु शेर्पाको जेठा छोरा हुनुहुन्छ। उहाँले सिकिम्मको नालान्दा इनिष्च्युट रुम्तेक र संस्कृत युनिभसिटि हुँदै अमेरिकाको प्रख्यात हाडवर्ड युनिभसिर्टिबाट बौद्धधर्म दर्शनमा विद्यावरिधि गर्नुभएको हो। उहाँलाई १६ औं ग्याल्बा कर्मापालेले चौथो टुङरान ग्याल्टोल रिम्पोचेको रुपमा स्थापित गर्नु भएको थियो। नेपालको विभिन्न स्थानमा बौद्ध शिक्षा सञ्चालन गर्दै आउनु भएका रिम्पोचेले नेपालमा अहिले २ सय विद्याथीहरुलाई बौद्ध दर्शनको ज्ञान दिदै आउनु भएको छ। "गम्पोपा द माङक एण्ड द योगी हिज लाइफ एन्ड टिचिङ" पुस्तक प्रकाशन तयारी गरिरहनु भएका रिम्पोचेले हाल अमेरिकाको विभिन्न पाँच राज्यहरुमा पनि बौद्ध दर्शन विस्तारका लागि सेन्टर स्थापना गरिसक्नु भएको छ।

प्रधान
सरका
अनुरु
मन्त्रा
मिलाउ
बुझाउ
बढाए
भार ब
वृद्धि
संविध
दलह
रूमलि
उठाउँ
सरका
मात्र थे
सपथ
बनाउँ
साता
मन्त्रा
कांग्रे
लागि
आका